# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive

Bharatpur, Chitwan, Nepal


मिति:२०८१।०२।१६

प.सं. २०८०।०८१(पञ्जीकरण)

च.नं. ९९९

**विषय: व्यक्तिगत घटना दर्ता लागू हुनु अगाबै घटेका व्यक्तिगत घटना (जन्म )को प्रमाणीकरण सम्बन्धमा।**

श्री वडा कार्यालय (१-२९) सबै,
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०८०/०८१ ,च.नं ३९७ मिति २०८१/०२/०७ को प्राप्त परिपत्र अनुसार जन्म ,मृत्यू तथा अन्य ब्यक्तिगत घटना (दर्ता गर्ने) ऐन ,२०३३ र जन्म ,मृत्यू तथा अन्य ब्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली ,२०३४ लागू हुनु पूर्व घटेका व्यक्तिगत घटनाहरु वडा अध्यक्षबाट प्रमाणिकरण भईरहेको सन्दर्भमा जन्मको प्रमाणिकरणमा एकरुपता कायम गर्न आवश्यक देखिएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली,२०७७ को नियम २८ को खण्ड (ग) बमोजिम तोकिएको जन्म प्रमाणीकरण फारामको ढाचाँ (यसैसाथ संलग्न) अनुसार जन्मको प्रमाणीकरण गर्नु गराउनुहुन सो सम्बन्धमा प्राप्त परिपत्रको छायाँ प्रति यसैपत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**बोधार्थ:**

सुचना तथा सञ्चार प्रविधि शाखा,भरतपुर महानगरपालिका: वेबसाईट मार्फत सूचना सम्प्रेषण गरिदिनुहुन।

(विष्णु माया आचार्य)
अधिकृत
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०८१/८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३५८

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति २०८१।०२।०७
ने.सं.११४४ बछलाथ्व, द्वादशी

विषय : व्यक्तिगत घटना दर्ता लागू हुनु अगावै घटेका व्यक्तिगत घटना (जन्म) को प्रमाणिकरण सम्बन्धमा।

श्री स्थानीय तहहरु, सबै (७५३ वटा)।
श्री वडा कार्यालयहरु, सबै (६७४३ वटा)

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने नियमावली, २०३४ बमोजिम वि.सं.२०३४ साल वैशाख १ गते देखि १० जिल्लाबाट प्रारम्भ भएको व्यक्तिको जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटनाहरु दर्ता गर्ने कार्य फरक फरक मितिमा विभिन्न जिल्लाहरुमा लागू भई वि.सं.२०४७ साल वैशाख १ गतेबाट मुलुकभरका सबै जिल्लाहरुमा विस्तार भई कार्यान्वयमा रहेको तथा हाल सो कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम वडा कार्यालयहरुबाट भईरहेको छ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागू हुनु पूर्व घटेका व्यक्तिगत घटनाहरु वडा अध्यक्षबाट प्रमाणिकरण भईरहेको सन्दर्भमा जन्मको प्रमाणिकरणमा एकरुपता कायम गर्न आवश्यक देखिएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २८ को खण्ड (ग) बमोजिम तोकिएको जन्म प्रमाणिकरण फारामको ढाँचा (यसैसाथ संलग्न) अनुसार जन्मको प्रमाणिकरण गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

(मनि कुमार सामाङ्ग)
शाखा अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

द.नं. ८८६
२०८१।२।१६

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

..................महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका

...............Metropolitan City, Sub Metropolitan City/Municipality/Rural Municipaltiy

.................... नं वडा कार्यालय (.......No. Ward Office)

प.सं. ...........जिल्ला (.............District)

च.नं. *(Ref. No.)* ... ... ... ... . प्रदेश (................Province)

नेपाल (Nepal)

---

## जन्म प्रमाणिकरण (Birth Verification) फारामको ढाँचा

श्री....................................ले दिएको निवेदन अनुसार श्री............को देहाय बमोजिम जन्मको विवरण रहेको प्रमाणीत गरिन्छ। (According to the application given by Mr./Mrs./Ms./Miss….........................., it is verified that the details of birth of Mr./Mrs./Ms./Miss.......................................... are as follows.)

| | |
|---|---|
| पूरा नाम: | |
| **Full Name:** | |
| जन्म मिति/**Date of Birth:** (B. S.) / (A. D.) | |
| लिङ्ग/**Sex** | |
| स्थायी ठेगाना: | |
| **Permanent Address:** | |
| जन्म स्थान: | |
| **Birth Place:** | |
| बावुको विवरण (Father's Details) | पूरा नाम: |
| | **Full Name :** |
| | राष्ट्रिय परिचय नं./नागरिकता प्रमाणपत्र नं./राहदानी नं. (NIN/Citizenship No./Passport No.): |
| आमाको विवरण Mother's Details | पूरा नाम: |
| | **Full Name :** |
| | राष्ट्रिय परिचय नं./नागरिकता प्रमाणपत्र नं./राहदानी नं. (NIN/Citizenship No./Passport No.): |

दस्तखत (**Signature**):...............

वडा अध्यक्षको नाम:............

**Name of Ward Chaiperson:**................

कार्यालयको छाप

(Office Stamp)

*नोटः यो प्रमाणिकरण जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ प्रारम्भ हुनु भन्दा पहिले घटेका घटनाको लागि मात्र मान्य हुनेछ। (Note: This verification shall be valid only for events occurred before the commencement of the the Births, Deaths and Other Personal Events (Registration) Act, 2033 (1976)*